बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**सामाजिक विकास कार्यालय, हेटौंडा, मकवानपुर**

**विपद्‌वाट क्षति भएका विद्यालय पुनर्निर्माण कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८२/११/०५)

चालु आ. व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा **"विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२"** को दफा ५ बमोजिमका सर्त पुरा गरेका सामुदायिक विद्यालयहरुले **प्रस्तावित बजेटको कार्यान्वयन योजना तथा मूल्याङ्कनका लागि पुष्टि हुने कागजातहरु** सहित उक्त कार्यविधिको अनुसूची-१ को ढाँचामा आवेदन यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्न सिन्धुली, मकवानपुर र चितवन जिल्लाका इच्छुक सामुदायिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<table>
<tr><td>कार्यक्रमको नाम</td><td>१. प्रस्ताव पेश गर्ने सामुदायिक विद्यालयले कार्यविधिको दफा ५ बमोजिम पुरा गर्नु पर्ने सर्तहरु</td></tr>
<tr><td rowspan="3">विपद्‌बाट क्षति भएका विद्यालय पुनर्निर्माण कार्यक्रम</td><td>क. विद्यालयको विपद् जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वा सम्बन्धित स्थानीय तहले सिफारिस गरेको हुनुपर्नेछ,<br>ख. सुरक्षा निकायको रोहबरमा तयार पारिएको क्षतिको विवरण खुल्ने गरी तयार गरेको मुचुल्का तथा क्षतिको विवरण झल्किने तस्विरहरु हुनुपर्नेछ,<br>ग. सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिबद्धता गरेको हुनुपर्नेछ,<br>घ. देहाय बमोजिमका सामुदायिक विद्यालयहरुले प्रस्तावना पेश गर्नुपर्नेछः<br>१. मिति २०८१ असोज ११ र १२ को विपद्‌बाट भएको क्षति सम्बन्धी प्रदेशस्तरबाट भएको द्रुत सर्वेक्षण (Rapid Survey) प्रतिवेदन, २०८१ मा समावेश भएका विद्यालय वा<br>२. विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना, २०८२ मा समावेश भएका विद्यालय वा<br>३. चालु आर्थिक वर्षमा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ तथा अन्य केन्द्रीय तथा प्रादेशिक कार्यालयबाट भौतिक पूर्वाधार निर्माण कार्यक्रम प्राप्त नगरेका विद्यालय ।</td></tr>
<tr><td>२. प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु</td></tr>
<tr><td>क. प्रस्तावित बजेटको कार्यान्वयन योजना,<br>ख. विद्यालयको विपद् जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वा सम्बन्धित स्थानीय तहको सिफारिस,<br>ग. सुरक्षा निकायको रोहबरमा तयार पारिएको क्षतिको विवरण खुल्ने गरी तयार गरेको मुचुल्का<br>घ. क्षतिको विवरण झल्किने तस्विरहरु,<br>ङ. सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिबद्धता पत्र,<br>च. चालु आर्थिक वर्षमा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ तथा अन्य केन्द्रीय तथा प्रादेशिक कार्यालयबाट भौतिक पूर्वाधार निर्माण कार्यक्रम प्राप्त नगरेको स्थानीय तहको सिफारिस,<br>छ. विपद्‌बाट क्षति भएका विद्यालय पुनर्निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ को अनुसूची-१ बमोजिमको आवेदन फारम विद्यालयले अनिवार्य भरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित कागजात र<br>ज. निम्न अनुसारको सम्बन्धित स्थानीय तहको शिक्षा शाखा/महाशाखाको सिफारिस<br>अ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भई हालसम्म म्याद कायम रहेको,<br>आ) मूल्याङ्कनका लागि पुष्टि हुने अन्य सम्बद्ध कागजातहरु तथा तस्विरहरु।</td></tr>
<tr><td colspan="2">स्पष्टिकरणः म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।</td></tr>
</table>

सम्बन्धित कार्यविधि र सूचनाको विस्तृत जानकारीको लागि सामाजिक विकास मन्त्रालय वागमती प्रदेशको https://mosd.bagamati.gov.np र सामाजिक विकास कार्यालय, मकवानपुरको https: //www.sdohetauda.bagamati.gov.np मा हेर्न तथा ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख

सूर्य बहादुर दाहाल

कार्यालय प्रमुख